# विद्यालय सुरक्षा तथा विपत प्रतिकार्य योजना

# (२०८२)




## श्री जनज्योति माध्यमिक विद्यालय, बकुवा

SHREE JANAJYOTI SECONDARY SCHOOL, BAKUWA
**ठाकुरबाबा नगरपालिका वडा नं. ६, बकुवा, बर्दिया**
Janajyotischool2027@gmail.com , 9858062027

## १. परिचय :

नेपालमा औलो उन्मुलनको क्रमसंगै पहाडी जिल्लाहरुबाट तराई तिर बसाईसराई गर्ने क्रममा दैलेख, सुर्खेत र दाङ्गबाट वि.स.२०२३-०२४ सालतिर यस बर्दिया जिल्लामा पनि मानिसको वस्ति विस्तार हुदैजान्छ । गाँस र बाँसको व्यवस्था पश्चात शिक्षा स्वास्थ्य पनि अति आवश्यक आधाभुत तत्व हो र मानव जिवनमा यसको महत्व ठान्दै तत्कालीन समाज सेवी एवं शिक्षाप्रेमीहरुले विद्यालको स्थापनाका लागि पहलकदमी चाल्नु भयो । यसै क्रममा श्री पञ्चकोशी प्राईमरी स्कुल बकुवा, श्री जनता प्राईमरी स्कुल मोतीपुर र श्री ऐश्वर्य प्राईमरी स्कुल बघौरामा स्थापना हुन पुगे । पातलो बस्ति एवम् न्यून विद्यार्थी संख्याको कारण वि.स. २०२७ साल भदौ महिनामा जनता प्राईमरी स्कुल मोतीपुर र पञ्चकोशी प्राईमरी स्कुल बकुवामा समाहीत भै श्री जनज्योति प्राईमरी स्कुल बकुवा मोतीपुरको नामले यस क्षेत्रका बालबालिकाको शैक्षिक उन्नयनमा निरन्तर लागिरहेको छ । वि.स. २०२८ सालमा बघौराको बस्तीलाई विस्थापित गरी यसै क्षेत्रमा सारे सँगै ऐश्वर्य प्राईमरी स्कुल पनि यही विद्यालयमा आई एकिकृत हुन गएको हो । वि.स.२०३० सालमा यस क्षेत्रका समाजसेवी तथा शिक्षा प्रेमीहरुको सत्प्रयासवाट यस  विद्यालयले स्वीकृती प्राप्त गरी सरकारी मान्यता प्राप्त गर्दै कक्षा ५ सम्मको शिक्षा प्रवाह गर्दै जाँदा वि.स. २०३४ सालमा नि.मा.वि. तहको स्वीकृति प्राप्त गरी नि.मा.वि.मा स्तर वृद्धि भै कक्षा ७ सम्मको शिक्षा प्रदान गर्दै आयो । समयको अन्तराल पश्चात वि.स. २०५१ सालमा यस विद्यालयले कक्षा ८ सम्मको शिक्षा प्रदान गर्दै वि.स.२०५४ सालमा पछिल्ला पुस्ताका समाजसेवी एंव शिक्षाप्रेमीहरुको पहलमा माध्यमिक तह सम्मको स्वीकृती प्राप्त गरेको थियो । वि.स. २०६६ मा कक्षा ११ र १२ को स्वीकृती प्राप्त गरेको थियो ।  लुम्बिनी प्रदेशको बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं. ६ आमवासा-ठाकरद्धारा जोड्ने सडकको किनार बकुवामा अवस्थित यस श्री जन ज्योति माविको पूर्वमा औराही खोला, दक्षिणमा ठाकुरद्धारा र पश्चिम एंव उत्तरमा चुरेपर्वतलाई शिरमा राखेको जैविक विविधताले भरिपुर्ण तराईको सबैभन्दा ठुलो बर्दिया राष्ट्रिय निकुञ्जमा रहेको छ ।

यस विद्यालयको अवस्थिती अनुसार केन्द्रमा रहेको हुदाँ प्राय सबै तहमा ठाकुरबाबा नगरपालिकाका वाड नं. २, ६ र ७ का विद्यार्थीहरु अध्ययनरत छन । अभिभावकमा आएको चेतनाका कारण शिक्षामा गुणस्तरीयताको महत्वका कारण आवतजावतको सुगमताले गर्दा छिमेकी जिल्ला सुर्खेतबाट पनि यस विद्यालयमा विद्यार्थीहरु अध्ययनका लागि आईरहेकाछन् । शिक्षा एउटा व्यापक प्रणाली भएका कारण सेवा क्षेत्रलाई दुरीका हिसाबले सिमित गर्न सकिदैन । भौगोलीक दुरीले पनि सेवाक्षेत्रलाई केही हदसम्म प्रभाव पार्छ नै । यसका बावजुद पनि गुणस्तरीयता, स्वस्थ शैक्षिकं वातावरण भएमा अन्य क्षेत्रवाट पनि विद्यार्थीहरु भर्ना हुन आउने सम्भावना प्रवल रहेकाले विद्यालय परिवार त्यसतर्फ सचेत रहेकोछ ।

विद्यालयमा पुरै समय विद्यार्थी टिकाई राख्न र भर्ना प्रतिशतलाई बढोत्तरी गर्न शिक्षणमा प्रविधिको प्रयोग तथा विद्यार्थी पोषण कार्यक्रम सञ्चालन र व्यवस्थापनमा आर्थिक तथा व्यवस्थापकीय पक्षमा विशेष जोड दिनु पर्ने देखिन्छ । उच्च प्रतिफल प्राप्त गर्न तल्लो तह देखि नै शिक्षण तथा मूल्याङ्कन प्रणालीलाई बैज्ञानिक, प्रभावकारी र व्यवहारीक बनाउन जरुरी छ ।  शिक्षाका ३ वटा पाटाहरु मध्ये लगानी ज्यादै महत्वपुर्ण छ। जसमा पुँजी, मानवीय तथा गैर मानवीय स्रोत पर्दछन् । विद्यालयमा जनशक्ति व्यवस्थापनको लागि दिर्घकालीन र अल्पकालीन योजना बनाउन विज्ञहरुको एउटा समिति वनाई अगाडि बढ्न आवश्यक देखिएकाले विद्यालय त्यस तर्फ पनि क्रियाशिल रहेको छ । भौतिक साधनको राम्रो व्यवस्थापन, अभिलेखीकरण, सुरक्षा र आवश्यक्ता अनुसार नवीन प्रविधिको प्रयोग गर्ने तर्फ योजनावद्धरुपमा अघि बढ्नु पर्ने देखिन्छ ।

## १.१ विद्यालयको दूरदृष्टि र उद्देश्य

### विद्यालयको दूरदृष्टि (Vision)

**बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रविधिमैत्री, सिर्जनात्मक तथा जीवनोपयोगी शिक्षासहितको सुरक्षित एवं बालमैत्री उत्कृष्ट सिकाइकेन्द्रको रुपमा परिचित गराउने ।**

### उद्देश्य (Objectives)

क) कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुको सिकाइ उपलब्धिआगामि ५ वर्षमा ८० प्रतिशत भन्दा माथि पुऱ्याउने ।

ख) कक्षा ११ र १२ को नतिजा आगामि ५ वर्षमा B भन्दा माथि ल्याउने ।

ग) विद्यालय भवन, चमेना गृह, ई लाइब्रेरी र बहुउद्देशीय भवन सहितका भौतिक पूर्वाधारहरुको विकास गर्ने ।

घ) अनुशासित, परिश्रमी, मिलनसार, राष्ट्र र समाजप्रति जिम्मेबारको भावना सहितको चरित्र निर्माण गर्ने ।

ङ) अभिभावक तथा सम्बद्ध सरोकारवालाको विद्यालयमा सहभागिता अभिवृद्धि गर्ने ।

च) बालप्रतिभाको पहिचान गर्न सो सम्बन्धि आवश्यक सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

छ) विद्यालयलाई बालमैत्री, हरित, शान्त, सफा तथा सुरक्षित सिकाइकेन्द्रको रुपमा विकास गर्ने ।

ज) सिकाई प्रक्रियालाई सुचना प्रविधिसँग जोड्ने वातावरण सिर्जना गर्ने ।

झ) शिक्षकहरुलाई सुचना र प्रविधिको प्रयोग सम्बन्धि प्रबोधीकरण गर्ने ।

ञ) खेलकुद, साँस्कृतिक तथा अतिरिक्त क्रियाकलापशरुमामा विद्यार्थीको संलग्नता बढाउने ।

ट) सबै कक्षा र तहका विद्यार्थीको औसत सिकाइ उपलब्धि वृद्धि गर्दै लाने ।

ठ) जिम्मेवार अभिभावक, उत्तरदायी शिक्षक कर्मचारीहरु र लगनशील विद्यार्थीको भूमिका निर्वाह गर्ने ।

ड) विद्यालय शिक्षामा STEAM शिक्षणविधिलाई एकीकृत गर्ने ।

ढ) विद्यालयलाई समुदायको अग्रणी सिकाइकेन्द्रको रुपमा नेतृत्व विकास गर्ने ।

ण) विद्यार्थी केन्द्रित सिकाइका लागि PBL तथा प्रवर्तनात्मक शिक्षणविधि सहित २१ औं शताब्दीका सिपहरुको विकास गर्ने वातावरणको सिर्जना गर्ने ।

## १.२ योजनाको पृष्ठभूमि

जनज्योति माध्यमिक विद्‌यालय, बकुवा, बर्दिया, नेपालको तराई क्षेत्रको एक संवेदनशील विद्‌यालय हो। यस विद्‌यालयलाई गर्मीमा लु लहर, जाडोमा सित लहर, बिषालु सर्पको टोकाइ, वन्यजन्तुको

आक्रमण र बाढी जस्ता विपद्को जोखिम छ। यस विद्यालयको सुरक्षा र निरन्तर शिक्षालाई सुनिश्चित गर्नका लागि एक समग्र विपद् जोखिम न्यूनीकरण (DRR) योजना आवश्यक छ।

## १. विद्यालयको जोखिम मूल्याङ्कन

**जनज्योति माध्यमिक विद्यालय, बकुवा, बर्दिया जोखिम पात्रो (Risk Calendar)**

***विद्यालयको सम्भावित विपद् जोखिमहरू र तिनीहरूको समयावधि अनुसारको विवरण***

| प्रकोप | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| जंगली जनावरको आक्रमण | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| चट्याङ् | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| डुवान | | | | | | | | | | | | |
| लु | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| मलेरिया/डेंगु | | | | | | | | | | | | |

| प्रकोप | भूकम्प | महामारी | बाढी | आगलागी | सडक दुर्घटना | जंगली जनावरको आक्रमण | हावाहुरी | असिना | चट्याङ | खडेरी | डुवान | लु | शीतलहर | सर्पदंश | मलेरिया/डेंगु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | | | | |
| जंगली जनावरको आक्रमण | | | | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | | | | |
| डुवान | | | | | | | | | | | | | | | |
| लु | | | | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | | | | |
| मलेरिया/डेंगु | | | | | | | | | | | | | | | |

| महिना | सम्भावित जोखिमहरू | जोखिमको प्रकृति | तयारीका कार्यहरू |
|---|---|---|---|
| बैशाख-जेठ | गर्मी लु लहर (Heat wave)<br>- पानीको अभाव | मौसमी (गर्मी) | झोल र पिउने पानीको व्यवस्था झुलो/टोपीको प्रयोग<br>अपराह्न कक्षा कम गर्नु |
| असार-श्रावण | भारी वर्षा र बाढी सर्पको टोकाइ | मौसमी (वर्षा/प्राकृतिक | सुरक्षित स्थान पहिचान सर्पदंश उपचार तालिम निकासी योजना अभ्यास |
| भदौ-आश्विन | डुबानको जोखिम मलेरिया/डेंगु | मौसमी/प्राकृतिक | लामखुट्टेको नियन्त्रण सरसफाइ अभियान स्वास्थ्य शिविर सञ्चालन |
| कार्तिक-मंसिर | वन्यजन्तुको आक्रमण | जैविक जोखिम | बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय<br>विद्यालय छेउमा बार/जाली लगाउने |
| पुष-माघ | सित लहर (Cold wave) | मौसमी (चिसो) | न्यानो कपडा/कम्बल वितरण बिहानको पठन समय परिवर्तन ताप दिने व्यवस्था |
| फागुन-चैत्र | वन्यजन्तुको चहलपहल आगलागीको जोखिम | प्राकृतिक/मानवजनित | आगो निभाउने तालिम वन क्षेत्रमा सचेतना कार्यक्रम घाँस-दाउरा संकलनमा निगरानी |

- स्थायी जोखिमहरू (पूरा वर्ष भरि):
  - सर्पको टोकाइ: वन क्षेत्रमा नजिक भएको कारण कुनै पनि समयमा सर्प देखिन सक्छ।

- वन्यजन्तुको आक्रमण : बाँदर, बाघ, चितुवा, जंगली सुँगुर आदि बाटोको आसपास देखिने सम्भावना।
- स्वास्थ्य समस्या: सरुवा रोगहरू, दूषित पानी, वा सरसफाइजन्य समस्या।

- **गर्मी तथा लु** तराई क्षेत्रको उच्च तापक्रमले विद्यार्थी र शिक्षकको स्वास्थ्यमा असर पुर्‍याउन सक्छ।
- **सित लहर** हिउदको समयमा विद्यालय भवनको तापक्रम कम हुनु र विद्यार्थीहरूको स्वास्थ्यमा असर पुर्‍याउन सक्छ।
- **सर्पको टोकाइ** विद्यालय आसपासको वन्यजन्तु क्षेत्रले सर्पको टोकाइको जोखिम बढाउँछ।
- **वन्यजन्तुको आक्रमण** बर्दिया राष्ट्रिय निकुन्जको नजिकको अवस्थाले जंगली जनावरहरूको आक्रमणको सम्भावना बढाउँछ।
- **बाढी** वर्षा ऋतुमा विद्यालय परिसरमा बाढीको जोखिम बढ्छ।



## २. विद्यालय सुरक्षा र विपद् तयारी योजना

### २.१ पूर्व तयारी

- **विपद् जोखिम मूल्याङ्कन** विद्यालयको जोखिम मूल्याङ्कन गरी प्राथमिकता निर्धारण।
- **विपद् तयारी योजना** विद्यालयको विपद् तयारी योजना तयार पार्नु।
- **सुरक्षा क्लब गठन** विद्यार्थीहरूको सहभागितामा सुरक्षा क्लब गठन गरी उनीहरूलाई विपद् तयारीका बारेमा सचेत बनाउनु।
- **प्रशिक्षण र तालिम** शिक्षक, विद्यार्थी र अभिभावकलाई प्राथमिक उपचार, सर्पको टोकाइको उपचार, बाढीको समयमा सुरक्षित स्थानमा जानका उपायहरूमा तालिम दिनु।
- **सुरक्षा सामग्री उपलब्धता** प्राथमिक उपचार किट, सर्पदंशको उपचार सामग्री, बाढीको समयमा प्रयोग हुने सामग्रीहरू विद्यालयमा उपलब्ध गराउनु।

### २.२ प्रतिक्रिया

- **आपतकालीन सम्पर्क सूची** स्थानीय स्वास्थ्य केन्द्र, प्रहरी, दमकल र अन्य आपतकालीन सेवासँगको सम्पर्क सूची तयार राख्नु।
- **आपतकालीन अभ्यास** विपद्को समयमा विद्यालयमा हुने अभ्यासहरू जस्तै बाढी अभ्यास, सर्पदंश अभ्यास, जंगली जनावरको आक्रमण अभ्यास।
- **सूचना प्रवाह** स्थानीय रेडियो, माइकिङ र अन्य माध्यमबाट विद्यालयमा हुने अभ्यास र आपतकालीन सूचनाहरू प्रसारण गर्नु।

### २.३ पुनःस्थापना

- **विपद्को मूल्याङ्कन** विपद्को पछि विद्यालयको अवस्था मूल्याङ्कन गरी आवश्यक मर्मत र पुनर्निर्माण गर्नु।
- **शिक्षा निरन्तरता** विपद्को समयमा पनि अनलाइन शिक्षाका माध्यमबाट शिक्षा निरन्तरता सुनिश्चित गर्नु।
- **समुदायको सहभागिता** समुदायका सदस्यहरूको सहभागितामा पुनःस्थापना प्रक्रिया अघि बढाउनु।

## ३. समुदाय र विद्यालयको सहकार्य

- **विद्यालय व्यवस्थापन समिति** विपद् जोखिम न्यूनीकरणका योजनाहरूमा सक्रिय सहभागिता सुनिश्चित गर्नु।
- **स्थानीय सरकारसँग समन्वय**ः स्थानीय सरकारसँग समन्वय गरी विद्यालयको सुरक्षा र विपद् तयारी योजनाहरूमा सहयोग प्राप्त गर्नु।
- **समुदायको सचेतना**ः समुदायमा विपद्को बारेमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु।

**४. नीति र कानूनी आधार**

- **नेपालको शिक्षा ऐन र नीति** विद्यालयहरूको सुरक्षा र विपद् तयारीका लागि नेपाल सरकारले बनाएका नीति र ऐनहरूको पालना गर्नु।
- **स्थानीय सरकारको नीति** स्थानीय सरकारको विपद् जोखिम न्यूनीकरण नीति र योजनाहरूमा विद्यालयको समावेशिता सुनिश्चित गर्नु।

# सुरक्षा र विपद् तयारीका लागि आवश्यक रणनीतिहरु

## १ विद्यालय, समुदाय र स्थानीय सरकारबीचको समन्वय

विपद् प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय, समुदाय र स्थानीय सरकारबीच सशक्त समन्वय हुनु अत्यावश्यक हुन्छ। विद्यालय प्रशासनले विपद् जोखिमको पहिचान तथा योजना निर्माणमा समुदाय र पालकहरूलाई सहभागी गराउनु पर्दछ। स्थानीय तहको विपद् व्यवस्थापन समिति (LDMC) सँग नियमित बैठक तथा जानकारी आदान-प्रदान गरेर विद्यालयको आवश्यकता अनुसार तिनीहरूको सहयोग सुनिश्चित गर्न सकिन्छ।

## २. सरोकारवाला निकायहरूसँग सहकार्य

शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरण, सञ्चार लगायत विभिन्न क्षेत्रका सरोकारवाला संस्थासँग सहकार्य गरेर प्रतिकार्य योजना बलियो बनाउन सकिन्छ। उदाहरणका लागि, स्वास्थ्य चौकीसँग सहकार्य गरी प्राथमिक उपचार तालिम, प्रहरी र सेनासँग वन्यजन्तु आक्रमणको प्रतिक्रियामा तालिम तथा रेडियो/टेलिभिजनसँग सहकार्य गरी सूचना प्रवाह सजिलो बनाउन सकिन्छ। यस्ता सहकार्यहरूले विद्यालयको क्षमता अभिवृद्धिमा ठूलो सहयोग पुर्‍याउँछ।

## ३. सुरक्षा क्लब र विद्यार्थीहरूको भूमिका

विद्यालयमा गठित विद्यार्थी सुरक्षा क्लबले प्रतिकार्य योजनाको सफल कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्न सक्छ। उनीहरूले विद्यालयको अन्य विद्यार्थी, शिक्षक र समुदायलाई सचेतना फैलाउने, प्राथमिक उपचार गर्न सहयोग गर्ने तथा आपतकालीन अवस्थाको सूचनाहरू छिटो प्रवाह गर्न मद्दत गर्न सक्छन्। विद्यालयले यस्ता क्लबलाई आवश्यक तालिम र सामग्री उपलब्ध गराएर सशक्त बनाउनु आवश्यक हुन्छ।

## ४. सञ्चार तथा सूचनाको समन्वय

आपतकालीन परिस्थितिमा सशक्त सूचनाको प्रवाह सबैभन्दा महत्वपूर्ण हुन्छ। विद्यालय, पालक, स्थानीय निकाय र सुरक्षा निकायहरूबीच सूचनाको समयमै आदानप्रदान सुनिश्चित गर्न सञ्चार संयन्त्रहरू जस्तै मोबाइल म्यासेज, स्थानीय रेडियो, सामाजिक सञ्जाल आदि प्रयोग गर्न सकिन्छ। यस्ता माध्यमहरू प्रयोग गरेर विद्यालयले जोखिम कम गर्न र आवश्यक सहयोग तत्काल प्राप्त गर्न सक्छ।

विपद् प्रतिकार्य योजना निर्माणका लागि स्रोत, कार्यक्रम र लागत अनुमान तालिका

| क्रस | कार्यक्रम/गतिविधि | आवश्यक स्रोत/सामग्री | अनुमानित लागत (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | विपद् जोखिम मूल्यांकन (Risk Assessment) | विशेषज्ञ, फारम, स्टेशनरी | १५००० | २ दिनको कार्यशाला सहित |
| २ | विद्यालय विपद् प्रतिकार्य योजना निर्माण कार्यशाला | प्रशिक्षक, प्रोजेक्टर, स्टेशनरी, हल | १०००० | १-२ दिने कार्यक्रम |
| ३ | विद्यालय विपद् व्यवस्थापन समिति (ꠄःॠ० गठन तथा अभिमुखीकरण | सूचना बोर्ड, माईक, प्रशिक्षक | १५००० | समिति गठन र भूमिकाको स्पष्टता |
| ४ | विपद् तयारी तथा अभ्यास (Mock Drill) | मेगाफोन, घण्टी, टेन्ट, प्राथमिक उपचार किट | २५००० | त्रैमासिक रूपमा |
| ५ | प्राथमिक उपचार तालिम | स्वास्थ्यकर्मी, प्राथमिक उपचार सामग्री | १५००० | एक दिने प्रशिक्षण |
| ६ | भौतिक पूर्वाधारको सुधार (जस्तैः निस्कने बाटो, संकेत) | आपतकालीन निस्कने संकेत, अग्नि | १५००० | एकपटकको खर्च |

| | | | | |
|---|---|---|---|---|
| | | सुरक्षा उपकरण | | |
| ७ | विपद् सूचना सामग्री प्रकाशन (पोस्टर, पम्पलेट आदि) | डिजाइन, छपाई, वितरण | १०००० | विद्यार्थी र शिक्षक लक्षित |
| ८ | आपतकालीन सम्पर्क सूची निर्माण र प्रदर्शन | सूचना बोर्ड, कम्प्युटर प्रिन्ट | १२००० | हरेक कक्षाकोठामा |
| ९ | सञ्चार व्यवस्था (जस्तैः टेलिफोन सूची, वाकी-टकी) | मोबाइल रिचार्ज, सिम कार्ड | ३५००० | तीन वटासम्म उपकरण |
| १० | बार्षिक समीक्षा र अद्यावधिक कार्यक्रम | समिक्षा बैठक, प्रतिवेदन तयार | १५००० | प्रत्येक वर्ष |

**५. निष्कर्ष**

जनज्योति माध्यमिक विद्यालय, बकुवा, बर्दिया, विपद्को जोखिममा रहेको विद्यालय हो। यस विद्यालयको सुरक्षा र शिक्षा निरन्तरता सुनिश्चित गर्नका लागि उपर्युक्त विपद् जोखिम न्यूनीकरण योजना आवश्यक छ। जनज्योति माध्यमिक विद्यालय, बकुवा, बर्दिया, एक प्राकृतिक विपद्-प्रभावित क्षेत्रको केन्द्रमा अवस्थित विद्यालय हो, जहाँ गर्मीमा लु तथा जाडोमा सित लहर, सर्पदंश, वन्यजन्तुको आक्रमण, बाढी लगायतका विविध जोखिमहरू दैनिक जीवनमा चुनौती बनेर आउँछन्। यस्ता बहुआयामिक जोखिमहरूको सामना गर्न योजनाबद्ध तयारी, समन्वित प्रतिकार्य र दीर्घकालीन पुनःस्थापनाको आवश्यकता अपरिहार्य छ।विद्यालय, समुदाय, स्थानीय सरकार र विभिन्न सरोकारवाला संस्थाहरूको सहकार्यमा तयार गरिएको समग्र विपद् व्यवस्थापन योजना न केवल विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न मद्दत गर्दछ, तर शिक्षाको निरन्तरता पनि जोगाउने माध्यम बन्छ। यस योजनाले विद्यालयलाई विपद् प्रतिरोधात्मक मात्र होइन, विपद् उत्तरदायी बनाउने दिशामा अगाडि बढाउँछ।

वास्तवमा, सुरक्षित विद्यालय भनेको मात्र भौतिक संरचना बलियो हुनु होइन, सशक्त सोच, सचेत समुदाय, प्रशिक्षित विद्यार्थी र शिक्षक, र सहकार्यको संस्कार विकास हुनु हो। हामीले तयार पारेको यो योजना जनज्योति विद्यालयलाई विपद्-प्रतिरोधात्मक शिक्षालयको उदाहरणका रूपमा स्थापित गर्ने दिशामा एक ठोस पाइला हो।अब समय आएको छ – हामी योजनालाई कागजमा मात्र होइन, व्यवहारमा उतारौं। सचेत विद्यालय, सुरक्षित विद्यार्थी, र लचिलो भविष्य निर्माणमा एकताबद्ध भई अगाडि बढौं। यही हो आजको आवश्यकता, र यही हो हाम्रो प्रतिबद्धता।यसरी, विद्यालय,

समुदाय र स्थानीय सरकारको सहकार्यमा यो योजना कार्यान्वयन गर्दा विद्यालय सुरक्षित र सिकाइयुक्त बन्नेछ।

**सन्दर्भ सूची:**

१ नेपाल रेड क्रस सोसाइटी  द्वारा सञ्चालित विपद् तयारी र सुरक्षित विद्यालयु कार्यक्रम।
२ विश्व भिजन नेपालकोुविपद् जोखिम न्यूनीकरण, एक विद्यालयमा एक पटक परियोजना।
३यूनिसेफ नेपालको सुरक्षित र लचिलो शिक्षा प्रतिवेदन।
४नेपालको शिक्षा ऐन र नीति।
५स्थानीय सरकारको विपद् जोखिम न्यूनीकरण नीति र योजनाहरू

लक्ष्मी प्रसाद काफ्ले
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

बालकृष्ण आचार्य
प्रधानाध्यापक